**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ११ मिति : २०७८/०५/१३

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :- २०७८/०५/१५**

## चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७८

**प्रस्तावना :** चौरजहारी नगरपालिका क्षेत्रभित्र रहेका भौतिक पूर्वाधार, सम्पदा, उपकरण आदीको समयमै मर्मत सम्भार गरी लागत प्रभावकारिताका माध्यमले खर्च मितव्ययिता र दिगो बनाउन, मर्मत सम्भारलाई व्यवस्थित गरी नियमन गर्न र जवाफदेही बनाउन वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (ठ) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगपालिकाको छैठौं नगर सभाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि सम्झनुपर्छ ।

ख. नगरपालिका भन्नाले चौरजहारी नगरपालिका सम्झनुपर्छ ।

ग. नगर कार्यपालिका भन्नाले चौरजहारी नगर कार्यपालिका सम्झनुपर्छ ।

घ. स्थानीय तह भन्नाले चौरजहारी नगरपालिका सम्झनुपर्छ ।

ङ. मर्मत सम्भार कोष भन्नाले चौरजहारी नगरपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधारहरुको मर्मत सम्भार सम्झनुपर्छ

च. उपभोक्ता समिति भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको सङ्गठन भन्ने बुझाउँछ ।

छ. प्रमुख भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

ज. प्रमुख प्रशासकीय अधिकृत भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

झ. भौतिक पूर्वाधार भन्नाले नगरपालिका क्षेत्रभित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटबन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरातात्विक साँस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

ञ. समिति भन्नाले यो कार्यविधि बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

३. <u>उद्देश्य :</u> यो कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ :

क. भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सिर्जना गराउने ।

ख. स्थानीय श्रम, सीप र प्रविधिमा मर्मत सम्भार गर्ने ।

ग. समयमै मर्मत सम्भार गरी थप धन जन र संरचनाको नोक्सानी हुनबाट जोगिने ।

घ. संरचनाको तत्काल मर्मत सम्भार गर्ने ।

४. <u>मर्मत सम्भार कोष स्थापना :</u> (१) मर्मत सम्भार कोषको नामले एउटा छुटै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क. नेपाल सरकारबाट प्राप्त अनुदान रकम

ख. प्रदेश सरकारबाट प्राप्त हुने रकम

ग. नगरसभाबाट विनियोजित भएको रकम

घ. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम

ङ. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कन्टिन्जेन्सी रकमको २० प्रतिशतले हुन आउने रकम

च. अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम

५. <u>खर्च गर्ने कार्यक्षेत्र :</u> (१) मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

क. ढल मर्मत सम्भार ह्युम पाइप खरिद तथा मर्मत कार्य

ख. वडा कार्यालय र सामुदायिक भवनहरु मर्मत कार्य

ग. खानेपानी मुहान पाइप तथा धारा मर्मतकार्य

चौरजहारी नगरपालिका

घ. नाली सरसफाइ तथा मर्मत कार्य

ङ. विद्युत लाईन  मर्मत तथा भाँचीएको पोल  मर्मत कार्य

च. सडक खाल्डा खुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य

छ. तटवन्ध वाँध मर्मत तथा ग्याविन जालि लगाउने कार्य ।

ज. सामुदायिक विद्यालयहरु र स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य

झ. पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य

ञ. वडा भित्र हुने भैपरी आउने आकस्मिक र भैपरि आउने स-साना मर्मत कार्यहरु ।

ट. मठ, मन्दिर, गुम्वा, चर्च र मस्जिद इत्यादी धार्मिक सम्पदाहरुको मर्मत कार्य ।

६. <u>**खर्च गर्ने विधि र प्रक्रिया :**</u> (१) मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुने छ :

क. एक पटकमा अधिकतम रु ५०,०००। सम्म गरी वर्षमा ४ लाखमा नवढने गरि वडा समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा खर्च गर्नुपर्ने पुर्वाधार मर्मतको  हकमा प्राविधिक लागत इष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

ख. एक पटकमा अधिकतम रु २०००००। सम्मको मर्मत कार्य वडा समितिको सिफारिसमा मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत इस्टिमेट बमोजिम गर्नुपर्नेछ ।

ग. रु २००००० भन्दा वढिको मर्मत सम्भार कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत इस्टिमेट बमोजिम गर्नुपर्नेछ ।

घ. कार्य सम्पन्न भए पश्चात प्राविधिक कर्मचारीबाट मुल्यांकन सिफारिस गर्नुपर्नेछ ।

ङ. आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विर भरपाई र डोर हाजिरीका आधारमा मर्मत कार्य गर्ने व्यक्ति र संस्थालाई भुक्तानी दिइनेछ ।

च. मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्ने पाइनेछैन ।

७. <u>**मर्मत सम्भार कोष व्यवस्थापन समिति :**</u> (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सन्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

क. नगर प्रमुख - अध्यक्ष

ख. नगर उप-प्रमुख - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

भेरीगंगा नगरपालिका

घ. मर्मत सम्भार गरिने सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

ङ. योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका सम्वद्ध विशेषज्ञ तथा कर्मचारिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

८. <u>मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u> (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. नगरपालका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।

ख. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि स्रोत साधनको खोजी गर्ने ।

ग. सडक, ढल, खानेपानि, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार र स्तरोन्नती सम्बन्धी कार्यहरु गर्ने ।

घ. मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

ङ. मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्तसम्बन्धी कार्ययोजना बनाउने ।

च. मर्मत सम्भारसम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने ।

छ. आवश्यकता अनुसार आकस्मिक र मोवाइल मर्मत टोली गठन गरी कार्य जिम्मेवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने ।

९. <u>मर्मत सम्भारको लागि छनौटको मापदण्ड :</u> (१) उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानिय हाटवजार व्यवस्थापन समितिबाट मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।

क. सवैभन्दा वढि क्षति भएको भौतिक संरचनाहरु ।

ख. भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग. लाभान्वित हुने जनसंख्या वा घरधुरिको आधारमा ।

घ. मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

ङ. सार्वजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवश्यकताका आधारमा ।

च. तत्कालिन मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।



गोदावरी नगरपालिका

१०. <u>अनुगमन तथा सुपरिवेक्षण :</u> (१) मर्मत सम्भार कोषबाट सन्चालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ ।

क. रु. १ लाखसम्मको मर्मत कार्यको वडाको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गर्नुपर्नेछ ।

ख. आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिबाट समेत मर्मत कार्यको अनुगमनको प्रतिवेदन अर्ध वार्षिक रुपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

ग. अनुगमन प्रतिवेदनमा औंल्याइएक सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरि आवश्यक सुधार गर्नुपर्नेछ ।

११. <u>संसोधन वा खारेजी :</u>

क. मर्मत सम्भार कोष सन्चालन कार्यविधि संसोधन वा खारेज गर्नुपरेमा नगर कार्यपालिकाबाट हुनेछ ।

ख. यो कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**आज्ञाले,**
नाम : गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

घोराही नगरपालिका